म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ३९ | बुधबार २२ भदौ २०७९ | ने. सं. ११४२ ञलाथ्व | 7 September, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**घर तथा फ्ल्याट भाडामा**

हेटौंडा-२ स्थित सिद्धार्थ स्कुल अगाडि रहेको साडे २ तल्ला घर भाडामा रहेको हुँदा अफिस, आवास तथा गोदामको लागि आवश्यक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

हेटौंडा-५, अब्बलडाँडामा रहेको १ तल्ला घर विक्री तथा भाडामा रहेको छ ।

हेटौंडा-५, पिप्ले रुद्रेश्वर मन्दिर नजिक रहेको २६ धुर जग्गा बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावहरुले तुरुन्छ सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. ९८५११३२८७४
९८४५०२८४३१

# मकवानपुरका ठूला दलले टुङ्ग्याए सम्भावित उम्मेदवार

साझाकुरा संवाददाता

हेटौंडा, २१ भदौ/ आगामी ४ मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि मकवानपुरका ठूला राजनीतिक दलहरुले सम्भावित उम्मेदवारहरुको नाम टुंगो लगाएको छ ।

सत्तारुढ गठबन्धनका तीन शीर्ष दल नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा (एकीकृत समाजवादी) तथा नेकपा एमाले र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले सम्भावित उम्मेदवारहरु टुंग्याएका हुन् । मकवानपुरमा प्रतिनिधिसभाको दुई वटा क्षेत्र र प्रदेशसभा सदस्य निर्वाचनका लागि ६ वटा क्षेत्र छन् ।

तर, यी सबै दलबाट प्रतिनिधिसभा र प्रदेशसभामा गरेर करिब डेढ सय जनाको नाम सिफारिस भएको छ । सबैभन्दा धेरै प्रत्यक्ष र समानुपातिक गरेर नेपाली कांग्रेसबाट १ सय १४ जना, नेकपा एमालेबाट २२ माओवादी केन्द्रबाट १४ जना सम्भावित उम्मेदवारहरुको नाम माथिल्लो कमिटीमा सिफारिस भइसकेको छ । ठूला राजनीतिक दलमध्ये सबैभन्दा ढिला गरी नेकपा माओवादी केन्द्रले मंगलबारमात्रै नाम टुंग्याएर सार्वजनिक गरेको हो ।

नेपाली कांग्रेस र नेकपा एमालेले १८ भदौभित्र सम्भावित उम्मेदवारहरुको टुंगो लगाइसकेका थिए । कांग्रेस मकवानपुरले प्रतिनिधिसभा निर्वाचनका लागि प्रत्यक्षमा चार जनाको नाम सिफारिस गरेको छ ।

केन्द्रीय सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीना, कांग्रेस बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँ, पूर्वजिल्ला सभापति रामचन्द्र अर्याल माइकल र महासमिति सदस्य जयराम लामिछानेको नाम दुई क्षेत्रका लागि सिफारिस गरेको हो । डीनाको नाम १ र २ नम्बर क्षेत्रीय समितिहरुले जिल्लामा सिफारिस गरेर पठाएका थिए । २ नम्बर



क्षेत्रबाट डीना एकल सिफारिसमा परेकी थिइन् । प्रतिनिधिसभाका लागि १ नम्बर क्षेत्रबाट डीनासहित बानियाँ, माइकल र लामिछानेको नाम सिफारिस भएको थियो । कांग्रेसको प्रदेश क्षेत्र समितिहरुले ४ वटा प्रदेशसभा निर्वाचनका लागि ठूलो संख्यामा उम्मेदवारहरुको नाम जिल्ला समितिमा पठाएको थियो ।

यसैगरी, एमाले मकवानपुरले दुई वटा प्रतिनिधिसभा क्षेत्रमा ८ जना प्रत्यक्षतर्फका उम्मेदवारहरुको नाम सिफारिस गरेको थियो । प्रतिनिधिसभा क्षेत्र नम्बर १ का रामेश्वर राना, कृष्णप्रसाद दाहाल, मदनकुमार दाहाल, नरहरि महत र रमिला सापकोटाको नाम सिफारिस भएको छ ।

जसमध्ये बामगठन्धनबाट उम्मेदवार बनेका दाहाल अघिल्लो निर्वाचनमा १ नम्बर क्षेत्रबाट निर्वाचित भएका थिए । प्रतिनिधिसभा क्षेत्र नम्बर २ का लागि ३ जनाको नाम एमालेले सिफारिस गरेको छ । जसमा एमाले बागमती प्रदेश कमिटीका उपमहासचिव महेशकुमार बर्तौला, संविधानसभा सदस्य सुवासचन्द्र ठकुरी र बुद्धरत्न मानन्धरको नाम सिफारिस भएकोथियो । प्रदेशसभा निर्वाचनका लागि १४ जनाको नाम सिफारिस भएको जनाइएको छ ।

गठबन्धनको दोस्रो ठूलो दल नेकपा (माओवादी केन्द्र) जिल्ला समन्वय समिति मकवानपुरले सम्भावित उम्मेदवारहरुको नाम टुंगो लगाएर पठाएको छ । दुई प्रतिनिधिसभा र ४ प्रदेश निर्वाचन क्षेत्रका लागि प्रत्यक्षतर्फ १० जनाको नाम सिफारिस भएको जनाइएको छ ।

प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर १ का लागि संविधानसभा सदस्य प्रल्हाद लामिछाने र जीवन गोलेलाई सिफारिस गरेको छ । क्षेत्र नम्बर २ का लागि पार्टी केन्द्रीय सदस्य रामनारायण विडारीको नाम सिफारिस भएको छ ।

माओवादी मकवानपुरका शीर्ष नेताहरु कुमारी मोक्तान, बिजय गौतम, प्रेमबहादुर पुलामी (छिन्तु), लवशेर विष्ट, ओमबहादुर ग्लान, प्रकाशचन्द्र पाण्डे, भीमबहादुर पाखिनलगायतको नाम प्रदेश निर्वाचनका लागि सिफारिस भएका छन् । गठबन्धनबाट निर्वाचन जित्न सहज हुने देखिएपछि माओवादी केन्द्रबाट आकांक्षीहरुको लर्को नै लागेको थियो । माओवादी केन्द्रको प्रदेश निर्वाचनका लागि भएको नाम सिफारिसमा आफ्नो नाम नपरेको भन्दै केही नेताले विज्ञप्ति नै जारी गरेका छन् । माओवादीभित्र सम्भावित उम्मेदवारहरुको नाम सिफारिस गर्दा विवाद देखिएको हो । नेताहरु सन्तोष बिष्ट, विष्णुहरि ढकालले अवैधानिक निर्णयलाई मान्यता नदिने भन्दै पार्टी अध्यक्षलाई ध्यानाकर्षण गराएका हुन् ।

गठबन्धनको तेस्रो ठूलो दल नेकपा (एकीकृत समाजवादी)बाट प्रतिनिधिसभा क्षेत्र नम्बर २ का लागि विरोध खतिवडाको एकल नाम सिफारिस भएको छ । एकीकृत समाजवादीले क्षेत्र नम्बर १ का लागि धनप्रसाद गौतम, यादव गजुरेल र विशभ अधिकारीको नाम सिफारिस गरेको जनाइएको छ । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)बाट प्रतिनिधिसभा क्षेत्र नम्बर १ का लागि दीपक सिंहको नाम सिफारिस भएको छ । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) नेपाल मकवानपुरले केन्द्रीय अध्यक्ष कमल थापाको नाम १ नम्बर क्षेत्रका लागि सिफारिस गरेको छ ।

## हेटौंडा अस्पताललाई उपमहानगरद्वारा ११ सय थान डेंगु किट हस्तान्तरण



साझाकुरा संवाददाता

हेटौंडा, २१ भदौ/ हेटौंडा उपमहानगरपालिकाले हेटौंडा अस्पताललाई डेंगु किट उपलब्ध गराएको छ । पछिल्लो समय उपमहानगरसहित जिल्लाभरि नै डेंगुको संक्रमण फैलिँदै गएको छ ।

डेंगु रोगको संक्रमण तीव्र गतिमा फैलिन थालेपछि अस्पतालमा डेंगु परीक्षण किटको अभाव भएको थियो । बिरामीको चापअनुसार परीक्षणमा किट अभाव तत्काल हटाउन उपमहानगर पालिकाले हेटौंडा अस्पताललाई डेंगु किट हस्तान्तरण गरेको हो ।

किटको अभावका कारण उपचारमा समस्या भएको जनगुनासो पछि संक्रमितको उपचारमा सहयोग पुऱ्याउन हेटौंडा उपमहानगर पालिकाले ११ सय ५० थान किट उपलब्ध गराएको उपमहानगरका प्रवक्ता सविन न्यौपानेले जानकारी दिए ।

उपमहानगरपालिकाले उपलब्ध गराएको किट उपप्रमुख राजेश बानियाँ, प्रवक्ता न्यौपाने र हेटौंडा-२ का अध्यक्ष बिष्णुगोपाल महर्जन, हेटौंडा-६ का वडा अध्यक्ष विष्णु दाहालले हेटौंडा अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डाक्टर रामचन्द्र सापकोटा र अस्पताल सञ्चालक समिति सदस्य हिरा लामालाई हस्तान्तरण गरेका थिए ।

किटको अभावका कारण डेंगुका आशंका लागेर अस्पताल आएका बिरामीलाई उपचारमा असहज भएको अवस्थामा उपमहानगरपालिकाले किट उपलब्ध गराएर ठूलो सहयोग गरेको अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डाक्टर सापकोटाले बताए ।

## प्रगति माविको नयाँ भवन हस्तान्तरण

साझाकुरा संवाददाता



हेटौंडा, २१ भदौ/ विदेशी सहायतामा निर्मित हेटौंडा-९ स्थित प्रगति माध्यमिक विद्यालयको नयाँ भवन मंगलबारहस्तान्तरण गरिएको छ ।

२०७२ सालको भूकम्पले विद्यालय भवनमा क्षति भएपछि जापानी सहयोग नियोग (जाइका)को एक करोड ४७ लाख आर्थिक सहयोगमा नयाँ भवन बनेको हो । एक कार्यक्रमबीच विद्यालय व्यवस्थापन समिति अध्यक्ष प्रदीप पराजुलीलाई शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख दीनानाथ गौतमले विद्यालय भवन हस्तान्तरण गरेका हुन् । -बाँकी पृष्ठ ३ मा...

**पञ्चरत्न बचत तथा ऋण सहकारी संस्था लि. को**

**साधारण सभामासम्बन्धी सूचना**

यस पञ्चरत्न बचत तथा ऋण सहकारी संस्था लिमिटेडको मिति २०७९ श्रावण ६ गते बसेको सञ्चालक समितिको निर्णय अनुसार संस्थाको आ.व. २०७८/०७९ को छैठौं बार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा सम्पन्न हुने भएकोले सेयर सदस्यको गरिमामय उपस्थितिको लागि अनुरोध छ ।

**कार्यक्रम**
मिति : २०७४ आश्विन १ गते
समय : बिहान ११ बजे
स्थान रोयल प्यालेस हेटौंडा-४, मेनरोड

**छलफलका विषयहरु:**
१. संस्थाको बार्षिक प्रतिवेदन तथा आगामी बर्षको कार्यक्रम सम्बन्धमा ।
२. आर्थिक प्रतिबेदन तथा आगामी बर्षको प्रस्तावित बजेट सम्बन्धमा ।
३. लेखा समितिको प्रतिवेदन ।
४. सहकारीको स्वामित्वमा रहेको भवन सम्बन्धमा ।
५. लेखापरीक्षणको नियुक्ति तथा पारिश्रमिक सम्बन्धमा ।
६. सहकारी एकीकरण सम्बन्धमा ।
७. सञ्चालक समिति तथा लेखा समिति चयन सम्बन्धमा ।
८. माइन्युट प्रमाणित गर्ने सम्बन्धमा ।
९. विविध सम्बन्धमा ।

२०७८ को एसईई परीक्षामा उत्कृष्ट नतिजा ल्याउने सेयर सदस्यको छोराछोरीलाई सम्मान कार्यक्रम रहेको हुँदा मार्कसिट तथा प्रमाणपत्र सहित भाद्र २७ गतेभित्र संस्थामा पेश गर्नुहुन साथै कुनै प्रस्तावहरू भए भाद्र २७ गते भित्र लिखितरूपमा संस्थाको कार्यालयमा पेश गर्नुहुन समेत अनुरोध गर्दछु ।

प्रद्युम्न उपाध्याय, सचिव
**पञ्चरत्न बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौडा-२, सिद्धार्थपथ, मकवानपुर
सम्पर्क ०५७-५२६४४३/५२६३७०

## हेटौंडा कब्रस्थान संरक्षण समिति गठन

साझाकुरा संवाददाता

हेटौंडा, २१ भदौ/ मुस्लिम युवा समाज मकवानपुरले हेटौंडा कब्रस्थान संरक्षण समिति गठन गरेको छ ।

मुस्लिम युवा समाज मकवानपुरले मंगलबार आयोजना गरेको साधारण भेलाबाट हेटौंडा कब्रस्थान संरक्षण समिति गठन गरिएको हो । भेलाले समितिको अध्यक्षमा अब्दुल्लाह देवानलाई चयन गरेको छ ।

देवानको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति गठन गरिएको जनाइएको छ । मुस्लिम युवा समाजका संरक्षक समीम खानले समितिको उपाध्यक्षमा सैयदिन मिया, सचिवमा अनवर हुसेन र कोषाध्यक्षमा मञ्जिता कार्की सफिक चयन भएको जानकारी दिए ।

त्यस्तै, सदस्यहरुमा उमर फारुक अन्सारी, आफ्राजुल खान, हबिब मिया, सलिम अन्सारी, आलम गिर मन्सुरी, मोहम्मद अफताब र रुस्तम मिया अन्सारी चयन भएका छन् । त्यस्तै, ४ वटा धार्मिक संस्था (हेटौंडा जामे मस्जिद समिति, मदरशा दारुल कुरआन, बिलाल मस्जिद समिति र अब्बुबकर मस्जिद मोसल्ला समिति) पदेन सदस्य रहने जनाइएको छ ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

**सेवाहरु:**
☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३




**Note:** BSC, CSIT, BCA र BBS को Entrance Prepration Class पनि संचालन भइरहेको छ ।

साझाकुरा
हाम्रो कुरा

# हेटौंडा अस्पतालको सेवा अब सुधार हुनैपर्छ

हेटौंडा अस्पताल अहिले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको शिक्षण अस्पतालको रुपमा रहेको छ । प्रतिष्ठानको आफ्नै शिक्षण अस्पताल नबनेसम्म हेटौंडा अस्पताललाई नै शिक्षण अस्पतालको रुपमा प्रयोग गरिएको बताइएको छ । हेटौंडा अस्पतालमा बेथितिहरु धेरै भएको गुनासो आएपछि राजनीतिक दल तथा स्वतन्त्र युवा समाजसेवीहरुले त्यसतर्फ ध्यानाकर्षण गराउँदै विविधखाले लापरबाहीदेखि समस्याहरुलाई उजागर गर्ने काम गरेको थियो । अस्पतालमा भएको समस्याहरुलाई क्रमश: समाधान गर्ने प्रतिबद्धता र भएका कमीकमजोरी पत्ता लगाउन बागमती प्रदेशका स्वास्थ्य निर्देशकको संयोजकत्वमा समिति नै गठन गरेर अध्ययन सुरु भएको थियो । उक्त समितिले हालसम्म प्रतिवेदन बुझाएको जानकारी आएको छैन । विगतमा भएका कमीकमजोरी उक्त छानविन समितिले पक्कै पत्ता लगाएर सार्वजनिक गर्ला । त्यतिबेला जिल्ला प्रशासन कार्यालयमा भएको सर्वदलीय सर्वपक्षीय बैठकमा अस्पतालका रजिष्ट्रार तथा मेडिकल सुपरिटेण्डेन्टले नयाँ भवन बनेपछि धेरै समस्या समाधान हुने आश्वासन दिएका थिए । त्यो साँच्चै हो रहेछ भन्ने अब पुष्टि गर्ने बेला भएको छ ।

अस्पतालमा टिकट लिन लाइन बस्नुपर्ने, टिकट पाएपछि ओपीडीमा डाक्टर कुर्न लाइन बस्नुपर्ने, डाक्टरले जाँचेर औषधी लेखेपछि औषधी किन्न लाइन बस्नुपर्ने, ल्याबमा त्यत्तिकै ढिलासुस्ती, भिडियो एक्स-रे तथा अन्य एक्स-रे मा पनि लाइन बस्नुपर्ने, बिमाको सुविधाबाट किन्नको लागि सबै औषधी नपाइने, गोदाममा औषधि खेर जाने तर, बिरामीहरुले नपाउने गरेको, चिकित्सकहरु ड्यूटी समयभर अस्पतालमा नबस्ने भन्ने गुनासो व्यापकरुपमा आएको थियो । अब यो गुनासोलाई पनि नयाँ भवन बनेसंगै अस्पताल प्रशासनले व्यवस्थापन गर्नुपर्छ ।

स्वास्थ्यको दृष्टिले निकै पछाडि रहेको मकवानपुर जिल्ला अस्पतालको यो भवनबाट सेवा सुचारु भएसंगै अलि अगाडि बढेको छ । भवन बनेसँगै अस्पताल प्रशासनले ठूलो संख्यामा कर्मचारी करारमा भर्ना गर्ने तयारी गरेको छ । यसमा योग्यता, दक्षता र क्षमतावान स्वास्थ्यकर्मी तथा कर्मचारी भर्ना हुनुपर्छ, न कि पार्टीको झोले र नेताका आफन्त । कर्मचारी भर्नालगायत काम विधि र नियममा रहेर हुनुपर्छ । सेवा भवनले दिने होइन, चिकित्सक र कर्मचारीले हो । त्यसैले अब उनीहरुको व्यवहारमा पनि परिवर्तन आउनैपर्छ । उनीहरुको व्यवहार जनमैत्री हुनैपर्छ । हेटौंडा अस्पतालको सेवामा सुधार हुनैपर्छ । हेटौंडा अस्पतालले यो अवसरलाई जनविश्वास जित्ने कडिको रुपमा लिनु श्रेयष्कर हुन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ भदौ २३ गते बिहीबार ८ सेप्टेम्बर २०२२ । नलाथ्व ११४२ ने.सं. । त्रयोदशी । विश्व शिक्षा तथा साक्षारता दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा बाधा | तुला | : उपचार खर्च वृद्धि हुने |
| वृष | : आकस्मिक लाभ हुने | वृश्चिक | : मानसम्मान मिल्ने |
| मिथुन | : अर्थहानि हुने | धनु | : बादविवाद बढ्ने |
| कर्कट | : स्थानान्तरण हुनसक्ने | मकर | : घरेलु काममा रुचि |
| सिंह | : दुश्चिन्ताले पिरोल्ने | कुम्भ | : जोस एवम् जाँगर बढ्ने |
| कन्या | : यात्रामा भयले सताउने | मीन | : प्रयासहरु फलदायी हुने |

# यसरी सम्भव छ नेपालमा क्यान्सरको नि:शुल्क उपचार



प्रा.डा.ऋषिकेश नारायण श्रेष्ठ

नेपालमा मात्र होइन विकसित मुलुकहरूमा समेत क्यान्सरको उपचार जटिल र महँगो भइरहेको छ । फरक यति मात्र हो कि प्राय सबै विकसित मुलुकहरूमा सम्पूर्ण खर्च स्वास्थ्य बीमाद्वारा गरिन्छ भने हामी कहाँ स्वास्थ्य बीमा पूर्णरूपमा स्थापित भइसकेको छैन । नेपाल सरकारले क्यान्सर बिरामीहरूको लागि आर्थिक श्रोतले भ्याएसम्म विपन्न राहत कोष खडा गरेको छ र स्वास्थ्य बीमालाई प्रोत्साहन गरिराखेको छ । त्यसैगरी केही प्रदेश सरकारहरूले आफ्नो प्रदेशका नागरिकको लागि क्यान्सर उपचारमा थप आर्थिक सहयोग दिने नीति लिएका छन् ।

त्यतिले नपुगेर क्यान्सर बिरामीहरूलाई पाँच लाख बराबरको सुविधा चाहिन्छ भन्ने आवाज उठिरहेको छ । अर्को थरीको आवाज भने आर्थिक रकम बढाउनुभन्दा त्यही रकमको आधारमा नि:शुल्क क्यान्सर उपचारको व्यवस्था गरिनुपर्छ, नत्र बाँडेको रकम दुरुपयोग हुने र केही वर्षमा नै त्यो रकम पनि अपुग हुनसक्छ भन्ने छ । त्यसैले क्यान्सर बिरामीहरूलाई नि:शुल्क उपचार कसरी दिने भन्नेबारे केही सुझावहरू पेस गरेको छु :

१. नेपाल सरकारले राष्ट्रिय स्तरमा एउटा 'नि:शुल्क क्यान्सर उपचार कोष' खडा गर्ने र यसको सञ्चालन 'स्वास्थ्य कर कोष'बाट गर्ने । क्यान्सर बिरामीहरूको उपचार र रोकथामको लागि स्वास्थ्य कर कोषको स्थापना वि.सं.२०६८ सालमा भएको थियो । प्रत्येक चुरोट खिल्लीमा १ पैसाको दरले रकम जम्मा गर्दै यस कोषको सुरुबाट भएको थियो ।

२. नि:शुल्क क्यान्सर उपचार कोष कार्यक्रम संघीय क्यान्सर अस्पताल र प्रदेश क्यान्सर अस्पताल जहाँ क्यान्सर सम्बन्धी सम्पूर्ण जाँच तथा उपचार सेवा (Comprehensive Care) जस्तै, शल्यक्रिया, केमोथेरापी, रेडियाथेरापी र प्यालिएटिभ भएका संस्थामा मात्र सञ्चालन गर्ने । सम्पूर्ण सेवाहरू एउटै संस्थाबाट पुरा गर्नुपर्ने ।

३. नि:शुल्क क्यान्सर उपचार योजना सञ्चालन गरेका अस्पतालहरूले सबै खालका विज्ञहरू सम्मिलित सञ्चालन समिति गठन गरी उपचार सम्बन्धी आर्थिक र प्रशासनिक समस्याहरूको समाधान यही समितिबाट गर्ने ।

४. क्यान्सर रोग पत्ता लागेपछि क्यान्सर उपचार गर्ने स्वास्थ्य संस्थाको नि:शुल्क क्यान्सर उपचार कोष कार्यक्रममा नाम दर्ता भएपछि शल्यक्रिया, रेडियोथेरापी र केमोथेरापी उपचार सम्पूर्ण सेवाहरू नि:शुल्क गर्नुपर्ने ।

५. नि:शुल्क शल्यक्रिया, केमोथेरापी, रेडियोथेरापी पछि जटिलता आई फेरि अस्पताल भर्ना गर्नुपरेमा, प्यालिएटिभको सेवा लिनु परेमा, फलोअपमा जाँच र औषधी लिनुपरेमा क्यान्सर बिरामीलाई राहत स्वरूप उपलब्ध रकमहरु : विपन्न राहत कोषबाट रु.१ लाख, स्वास्थ्य बीमाबाट रु.१ लाख, बाग्मती प्रदेशको क्यान्सर बिरामीहरूको लागि रु.५० हजार, गण्डकी प्रदेशका क्यान्सर बिरामीहरूको लागि रु.२ लाख, केही नगर पालिकाहरुले रु.१५ हजार देखि रु. ५० हजार सम्म आदि रकमबाट खर्च गर्ने ।

६. अन्य प्रदेश सरकार र नगरपालिकाहरूले पनि क्यान्सर बिरामीहरूको लागि राहत स्वरूप केही रकमको व्यवस्था गर्ने ।

७. यदि रोग बल्झेर वा जटिलता देखिएर पुन: शल्यक्रिया गर्नुपरेमा, पुन: केमोथेरापी वा रेडियोथेरापी दिनुपरेमा भने 'नि:शुल्क क्यान्सर उपचार कोष' बाट खर्च गर्ने ।

८. नेपाल सरकारले जारी गरेको National Treatment Protocol for Common Cancers (2017) अनुसार नि:शुल्क क्यान्सर उपचार कार्यक्रम लागु गर्ने ।

९. क्यान्सर उपचार सेवा गर्ने संस्थाभित्र ट्युमर बोर्ड (Tumor Board) हुनु जरुरी छ । ट्युमर बोर्ड भन्नाले क्यान्सर उपचारमा संलग्न विभिन्न विज्ञहरूको समूह जहाँ क्यान्सर बिरामीको उपचार बारे छलफल, जटिलता आएमा, प्रारम्भिक उपचारले काम नगरेमा, शल्यक्रियाको भूमिका र महँगा जाँच वा औषधीको प्रयोगबारे छलफल गरी निर्णय लिने समिति हो ।

१०. महँगो केमोथेरापी वा प्रोटोकलमा नभएको केमोथेरापी बिरामीलाई चलाउनु परेमा वा महँगो जाँच गर्नुपरेमा Tumor Board बाट निर्णय गरिनु पर्ने ।

११. विपन्न राहत कोषको सुविधा लिई निजी स्वास्थ्य संस्थामा क्यान्सर शल्यक्रिया गरिसकेपछि केमोथेरापी वा रेडियोथेरापी लिन आउने बिरामीलाई नि:शुल्क क्यान्सर उपचार कोष कार्यक्रममा समावेश नगर्ने र यस्ता बिरामीहरूले अन्य राहत कोष प्रयोग गर्नुपर्ने ।

१२. शल्यक्रिया गर्दा हुने खर्चको प्याकेज बनाउने । विभिन्न शल्यक्रियामा चाहिने सामानहरू प्याकेज (अन्दाजी रु. १० हजारदेखि रु. २५ हजार सम्म) । त्यसै गरी बेहोस गराउने सामान र औषधीको प्याकेज (करिब रु. १० देखि रु. १५ हजार) । ठूलो आन्द्रा र पेटको क्यान्सर सर्जरी गर्दा केही बिरामीहरूलाई Stapler (एउटा शल्यक्रियामा रु.२५ हजारदेखि रु.४० हजार सम्म) आदी ।

१३. नि:शुल्क क्यान्सर उपचार कोष कार्यक्रम सुरु भएपछि बिरामीको सङ्ख्यामा अत्यधिक वृद्धि हुने भएकोले स्वास्थ्य मन्त्रालयद्वारा जारी विस्तारित स्वास्थ्य सेवा (EHS) निर्देशिका अनुसार अस्पतालहरूमा EHS सुरु गर्नुपर्ने ।

१४. वर्षौंदेखि नेपाल सरकारले स्थापना गरेको क्यान्सर बिरामीको लागि विपन्न राहत कोष सञ्चालनले एउटा प्रणाली बनिसकेको छ । यही प्रणालीको अनुभव लिएर नि:शुल्क क्यान्सर उपचार कोष सञ्चालन गर्ने ।

१५. स्वास्थ्य बीमा प्रति जनस्तरमा बढ्दै गरेको आकर्षणलाई अझ प्रोत्साहन गर्ने । नेपालमा हाल विभिन्न सरकारी र गैर सरकारी अस्पतालहरूले क्यान्सर उपचारमा सेवा प्रदान गरिराखेका छन् । सरकारी स्तरमा Comprehensive Cancer उपचार गराउने हरूमध्ये भक्तपुर क्यान्सर अस्पताल नेपाल सरकारद्वारा सञ्चालित अस्पताल हो । भौतिक पूर्वाधारको विकास र जाँचका महँगा औजार र उपचारमा प्रयोगमा हुने उपकरणहरू नेपाल सरकारबाट प्राप्त हुँदै आइरहेको छ । कर्मचारीहरूको तलब भत्ता आन्तरिक स्रोतबाट व्यवस्थापन भइरहेको छ । यस अस्पतालमा गत वर्ष करिब ३५०० बिरामीहरूले उपचार लिएको र विभिन्न समयमा करिब ७००० क्यान्सर बिरामीहरूले भर्ना भई सेवा लिएको तथ्याङ्क छ । यदि ३५०० क्यान्सर बिरामीलाई अधिकतम औसत खर्च रु.२ लाखको अनुमान गर्ने हो भने वर्षको करिब रु.७० करोड रुपैयाँमा ३५०० क्यान्सर बिरामीहरूलाई नि:शुल्क उपचार गर्न सकिन्छ । सबै रकम खर्च नहुन पनि सक्छ ।

एउटा व्यवहारिक पक्ष के छ भने अधिकांश क्यान्सर बिरामीहरू पछिल्लो चरण (Advance Stage) मा आउँछन् जसले गर्दा उपचारमा सेवा पुरा नहुँदै मृत्यु हुन्छ, जस्तै फोक्सोको क्यान्सरका बिरामीहरू । क्यान्सर रोगको सुरुको चरणमा आउने बिरामीहरूमा उपचार पछि राम्रो नतिजा हुन्छ तर उनीहरूले उपचार सेवा जस्तै शल्यक्रिया, केमोथेरापी, रेडियोथेरापी सबै पुरा गर्ने क्रममा आर्थिक संकट भोगिरहेका छन् । उदाहरणको लागि स्तन क्यान्सर र पाठेघरको मुखको क्यान्सरका बिरामीहरू । नि:शुल्क उपचार कार्यक्रमले अवश्य पनि मद्दत पुऱ्याउने छ । माथि उल्लेखित केही बुँदाहरू भक्तपुर क्यान्सर अस्पतालमा पहिले देखि नै सञ्चालन भइरहेका छन् । लागु गर्न बाँकी रहेका केही बुँदाहरूलाई कार्यान्वियन गरी भक्तपुर क्यान्सर अस्पतालबाट नि:शुल्क क्यान्सर उपचार कोष कार्यक्रम सुरुवात गर्न सकिन्छ र क्रमश: अन्य सरकारी अस्पतालमा पनि विस्तारित गर्दै लान सकिन्छ । क्यान्सर लागेपछि मरिन्छ र आर्थिक भारले घरबार समाप्त हुन्छ भन्ने त्रास जनमानसमा छ ।

यस सोचलाई परिवर्तन गर्न राज्यले जनतालाई भरोसा दिँदै नि:शुल्क क्यान्सर उपचारले बिरामीमा बाँच्ने आशा र परिवारमा राहतको अनुभूति जगाउनु पर्दछ । गरिब, निमुखा र विपन्न वर्गहरू आर्थिक रूपले कमजोर भई उपचारमा कठिनाइ भोगिराखेका देखेका छौँ । मध्यम वर्गले पनि उपचारको क्रममा आर्थिक सङ्कट व्यहोर्नु परेको देखिन्छ । अर्कोतिर क्यान्सरबाट बाँचेका बिरामीहरूको लागि राज्यले सुहाउँदो र बिरामीले सक्दो रोजगारीको व्यवस्था मिलाउन सक्यो भने सुनमा सुगन्ध हुनेछ । अब स्वास्थ्य मन्त्रालयले विज्ञहरूको भेला गरी नि:शुल्क क्यान्सर उपचार कोष कार्यक्रम बारे छलफल गरी नीतिगत निर्णय लिई निर्देशिका र कार्यविधि जारी गर्न विलम्ब गर्नु हुँदैन ।

देशमा क्यान्सर भयावह स्थितिमा बढ्दै छ, क्यान्सरले उमेर, धर्म, जात केही भन्दैन । शरीरको नङ र रौँबाहेक सबै अङ्गमा क्यान्सर हुन सक्छ । नातेदार, साथीभाइ क्यान्सर पीडित भएको, आर्थिक सङ्कट भोगेको र अल्पायुमा मृत्यु भएको दु:खद खबर सुनिनै राख्नु भएको होला । भोलि क्यान्सर आफैंलाई पनि लाग्न सक्ला, के थाहा ? नेता तथा मन्त्रीहरु किन एउटा क्यान्सर पीडित नातेदार वा कार्यकर्ताको सहुलियतको लागि मात्र फोन गर्नुहुन्छ ? आम नेपाली जनताको लागि काम गर्ने समय र मौका तपाईंहरूसँग छ । नि:शुल्क क्यान्सर उपचार कोष कार्यक्रममा नीतिगत निर्णय लिन आ-आफ्नो स्थानबाट सहयोग गरौँ ।राजनैतिक पार्टीहरूले पनि आगामी चुनावी घोषणा पत्रमा नि:शुल्क क्यान्सर उपचार कोषबारे सङ्कल्प सहितको बुँदा राखौँ ।

अन्तमा, जनतालाई सेवा सुविधा दिएर देश कङ्गाल हुँदैन, भ्रष्टाचार र कमिसन तन्त्रले हुन्छ । एउटा विद्वानले भनेका थिए - मानिसहरू धन नभएर गरिब भएका होइनन्, भएका सम्पत्तिलाई व्यवस्थित गर्न नसकेर गरिब भइरहेका छन् । त्यसैले मेरो देशसँग श्रोत र साधन छ । त्यसलाई जनताको हितमा व्यवस्थापन गरौँ ।

(लेखक भक्तपुर क्यान्सरअस्पतालका सिनियर कन्सल्टेण्ट,सर्जिकल अन्कोलोज तथा पूर्व मेडिकल डाइरेक्टर हुन् ।) *-साभार: रातोपाटी*

# 'अग्निपथ' मा भारत र नेपालको स्वार्थ टकराव



डा. पूर्ण सिलवाल

भारतले आफ्नो सैनिक सेवा (स्थल, जल र वायुसेना) मा नयाँ सैनिक भर्नाका लागि यस वर्षबाट 'अग्निपथ' नामक नयाँ अवधारणा ल्याएको छ । अग्निपथ योजना अन्तर्गत भर्ना भएका सिपाहीलाई 'अग्निवीर' भनिन्छ । भारतले नेपाललाई अग्निपथ अन्तर्गत नेपालीहरूको भर्नामा सहजीकरण गर्न गत जेठमै पत्राचार गरेको थियो । तर भर्ना खुल्नुभन्दा केही दिनअघि मात्र नेपाल सरकारले हाललाई स्थगित गर्ने निर्णय गऱ्यो । योसँगै नेपालमा अग्निपथ योजनाको भविष्य अनिश्चिततामा धकेलिएको छ । यही समयको सेरोफेरोमा भारतीय सेनाका सेनापति महारथी मनोज पाण्डे सोमबारदेखि नेपाल भ्रमणमा छन् । उनले राष्ट्रपति विद्यादेवी भण्डारीबाट नेपाली सेनाको मानार्थ महारथीको उपाधि पाउनेछन् ।

***गोर्खा भर्ना सम्झौता र अग्निपथमा भिन्नता***

ब्रिटिस-भारतले सन् १८१५ मा फर्स्ट गोर्खा रेजिमेन्ट स्थापना गरी गोर्खालीहरूलाई भर्ना सुरू गरेको थियो । त्यस बेलादेखि नफ्री बढ्दै गई सन् १९४७ सम्म आइपुग्दा दसवटा रेजिमेन्ट खडा भइसकेको थियो । भारत स्वतन्त्र भएपछि, नेपाल, बेलायत र भारतबीच नोभेम्बर ९, १९४७ मा त्रिपक्षीय गोर्खा भर्ना सम्झौता गरियो । त्यसमा ती दसवटा रेजिमेन्टहरूलाई बाँडफाँट गरी चारवटा रेजिमेन्ट बेलायतले लैजाने र ६ वटा रेजिमेन्ट भारतसँग बस्ने व्यवस्था भयो । ढल्दै गरेको राणा शासनले गरेको त्यो त्रिपक्षीय सम्झौता आजसम्म कुनै पनि पक्षले खारेज गरेको छैन । यो सम्झौता नेपाल र स्वतन्त्र भारत दुवैले हस्ताक्षर गरेको पहिलो औपचारिक दस्तावेज पनि हो । यो सम्झौताले अरू कुराको अतिरिक्त मुख्यतया गोर्खालीको पहिचान, जागिरको स्थायित्व र पेन्सनको ग्यारेन्टी गरेको छ । भारतले अहिले ल्याएको 'अग्निपथ' योजनाले त्रिपक्षीय सम्झौतामा सुनिश्चित गरिएका यी तीनै पक्षहरूलाई खारेज गरेको छ । अग्निपथ अन्तर्गत भर्ना भएका सिपाहीको पहिचान 'अग्निवीर' हुने, एउटा इन्टेकमा भर्ना भएका अग्निवीरहरमध्ये २५ प्रतिशतले मात्र पेन्सन पकाउने र बाँकी ७५ प्रतिशतले चार वर्षे अस्थायी अवधि पूरा गरी एकमुष्ठ ११ लाख रूपैयाँ उपदानका रूपमा लिएर फर्किनुपर्ने बाध्यता छ ।

अग्निवीरले मासिक ३० हजार रूपैयाँ भत्ता पाउने भनिएको छ । तर त्यसबाट ३० प्रतिशत रकम प्रतिमहिना चार वर्षसम्म कट्टा गरिन्छ र जम्मा हुने रकममा बाँकी थपेर ११ लाख पुऱ्याएर एकमुष्ट रकम दिएर अग्निवीरहरूलाई बिदाइ गर्ने योजना छ । भारतले लागू गरेको अग्निपथ योजना संसारमै एउटा नयाँ प्रयोग हो । केही पश्चिमा देशहरूमा प्रयोगमा रहेको 'कन्स्क्रिप्ट' र 'रिजर्भिस्ट' योजनाभन्दा अग्निपथ धेरै अर्थमा फरक छ । चार वर्षे अस्थायी जागिरमा रहेका र सेनामा भविष्य नभएका अग्निवीरहरूले युद्धमा कस्तो कार्यदक्षता प्रदर्शन गर्ने हुन्, त्यो भने प्रतीक्षाको विषय हुनेछ । यस्तो जोखिमपूर्ण योजना ल्याउनुका पछाडि मुख्यतया तीनवटा उद्देश्यले काम गरेको पाइन्छ ।

पहिलो, पेन्सनबाट सिर्जित ठूलो आर्थिक भार कम गरी बचेको रकम सेनाको आधुनिकीकरणमा प्रयोग गर्ने । दोश्रो, सेनाको हालको औसत ३२ वर्षको उमेर घटाएर २६ वर्षमा झार्ने र सेनालाई अझ तरूण र चुस्त बनाउने । तेश्रो, समाज र गैरसैनिक कार्यस्थलमा सैनिक तालिमप्राप्त अनुशासित युवाहरूलाई प्रवेश गराउने । भारतभित्रै पनि यो योजनाविरूद्ध धेरै ध्वंशात्मक आन्दोलनहरू भए । यद्यपि, सरकारले पेलेरै यस योजनालाई अघि बढाएको छ । समाजमा फर्किने ७५ प्रतिशत अग्निवीरहरूबाट उत्पन्न हुनसक्ने सुरक्षा खतरालाई आकलन गरी भारत सरकारले उनीहरूलाई पुन: जागिर दिने (रि-इम्प्लोइमेन्ट) योजना ल्याएको छ । रक्षा मन्त्रालय र गृह मन्त्रालय अन्तर्गतका सुरक्षा निकाय र उद्योगहरूमा उनीहरूलाई प्राथमिकताका साथ काम दिने भनिएको छ । तर नेपालमा उद्योगहरूको अभाव र सुरक्षा निकायमा विद्यमान उमेर हदका कारण पुन: जागिरको योजना आउन सक्ने सम्भावना हाललाई देखिँदैन ।

***नेपालको चासो***

अग्निपथ योजनाले गोर्खाली युवाहरूभित्र गडेर रहेको सपनालाई समेट्न सकेको पाइँदैन । उनीहरूको सपना स्थायी सैनिक सेवामा जाने हो, जहाँ पेन्सन र नि:शुल्क औषधोपचारको व्यवस्था हुनेछ । नेपाली युवाहरू पराई राष्ट्रको माटोको रक्षाका लागि अस्थायी सैनिक भएर बलिदान दिन जान तयार देखिँदैनन् । बिबिसी हिन्दीले हालै पूर्व भारतीय गोर्खा पेन्सनरसँग लिएको एउटा अन्तर्वार्तामा सहभागी सबैले नेपाली युवाहरू चार वर्षे अस्थायी सैनिक सेवामा जान नहुने पक्षमा अभिव्यक्ति दिएका छन् । भर्नाका लागि तालिमरत युवा आकांक्षीहरूले पनि अन्तर्वार्तामा भारतीय सेनाको चार वर्षे सेवामा जान र त्यसपछि फेरि बेरोजगार बन्न इच्छुक नरहेको अभिव्यक्ति दिएका छन् ।

नेपाल सरकारले दलहरूबीच आन्तरिक छलफल गर्ने भन्दै अग्निपथ भर्नालाई अनिश्चितकालका लागि स्थगित गरेको छ । मर्न र मार्न तयार हुनुपर्ने सैनिक सेवामा पेन्सन नपाक्ने शर्तमा प्रवेश गर्नु युवाहरूका लागि जोखिमयुक्त छ । नेपाल त्रिपक्षीय गोर्खा भर्ना सम्झौताको एउटा मुख्य सरोकारवाला देश हो । अर्को सरोकारवाला देश बेलायतले सोही सम्झौता बमोजिम भर्नालाई निरन्तरता दिइरहेको छ । वर्षौं लगाएर तयार गरेको अग्निपथ योजना निर्माणका क्रममा भारतले नेपाललाई कुनै जानकारी समेत दिन आवश्यक ठानेन । भारतले अग्निपथ अन्तर्गत बुटवल र धरानमा भर्नाका लागि विज्ञापन निकालेपछि भर्नामा सहजीकरण गरिदिन भन्दै नेपाललाई पत्राचार गरेको थियो ।

भारतले सम्झौता बमोजिम गोर्खा रेजिमेन्टमा पूरै नेपाली भर्ना गर्नुपर्नेमा त्यसलाई क्रमश: उल्लंघन गरी ६० प्रतिशत नेपाली र बाँकी ४० प्रतिशतमा भारतीय नेपाली, गडवाली र कुमाउनीहरूलाई भर्ना गर्न थालिसकेको छ । त्यसमाथि अग्निपथले त त्रिपक्षीय सम्झौतालाई पूरै पाखा लगाएको अवस्था छ ।झट्ट हेर्दा भारतले सम्झौतामा बाँधिएर भर्नाका लागि नेपाल सरकारमाथि निर्भर रहन नचाहेको र स्वतन्त्र रूपमा नेपालीहरूलाई भर्ना गर्न चाहेको देखिन्छ । यसो गर्दा उसले आवश्यकता अनुसार नेपालीहरूलाई गोर्खा रेजिमेन्टबाहेक भारतीय सेनाका अरू बटालियनहरू, भारतीय वायुसेना र भारतीय जलसेनामा समेत भर्ना गर्न पाउने छ । अग्निपथ अन्तर्गत भर्ना भएको चार वर्षपछि र त्यसपछिको प्रत्येक ब्याचका ७५ प्रतिशत अग्निवीरहरू नेपाल फर्केर आउनेछन् । नेपाल फर्केपछि उनीहरू स्वत: बेरोजगार बन्छन् । यस्तोमा उनीहरूलाई विभिन्न सशस्त्र स्वार्थ समूहहरूले उपयोग गर्ने सम्भावना एउटा गम्भीर सुरक्षा चुनौती बन्ने छ ।

***नेपाल-भारत सम्बन्धको जटिलता***

नरेन्द्र मोदी भारतका प्रधानमन्त्री भएपछि विशेषगरी 'मोदी २.०' ले विगतका धेरै सन्धि, सम्झौता, संवैधानिक प्रावधान र आन्तरिक नीति तथा मान्यताहरूलाई निर्भिकताका साथ खारेज वा परिवर्तन गर्दै आएको छ । कश्मिरलाई विशेष हैसियत दिने संविधानको धारा ३७० खारेज गर्नु, नेपालको लिम्पियाधुरा-कालापानी-लिपुलेक क्षेत्रलाई भारतको राजनीतिक नक्सामा समावेश गर्नु, त्यहाँ सडक बनाएर उद्घाटन नै गर्नु र त्रिपक्षीय गोर्खा भर्नालाई एकपक्षीय ढंगले पाखा लगाउनुलाई यही सन्दर्भमा हेरिनुपर्छ । स्वतन्त्र भारतले अहिलेसम्म नेपालमाथि चारपटक आर्थिक नाकाबन्दी समेत लगाइसकेको छ । विगत ७५ वर्षमा बागमती नदीमा धेरै पानी बगिसकेको छ । त्रिपक्षीय सम्झौता हुँदाको बखत नेपाली युवाहरूका लागि वैदेशिक रोजगारको विकल्प गोर्खा रेजिमेन्ट मात्र थियो । अहिले नेपाली युवाहरू अमेरिका, क्यानडा, अस्ट्रेलिया, जापान, दक्षिण कोरिया लगायत र खाडी मुलुकमा रोजगारीका लागि जान सक्छन् ।

अहिले प्रति वर्ष भारतबाट नेपाल भित्रिने रेमिटेन्सभन्दा नेपालले भारतमा पठाउने रेमिटेन्स रकम तीन गुण बढी छ । केहीले अग्निपथ योजनालाई नेपालले अस्वीकार गरेको अवस्थामा नेपालले वार्षिक रूपमा ५०-६० अर्ब रूपैयाँ रेमिटेन्स गुमाउने तर्क पनि अघि सारेका छन् । हाललाई गोर्खा रेजिमेन्टमा कार्यरत सैनिकहरूबाट आउने तलब र उनीहरू अवकाश भएपछि पाउने पेन्सन यथावत परिमाणमा नै आउने तर अग्निपथ योजना हुबहु स्वीकार गरेको अवस्थामा, २५ प्रतिशत अग्निवीरले मात्र पेन्सन लिएर नेपाल फर्किने हुँदा त्यसबापत नेपालले पाउने रेमिटेन्स रकममा पनि ७५ प्रतिशतले नै कमी आउने निश्चित छ । बरू नेपालमा काम गर्ने भारतीयलाई प्रतिस्थापन गर्न सके नेपाली युवाहरू कामका लागि भौंतारिएर विदेश जानुपर्ने स्थिति अन्त्य हुन सक्छ ।

ढल्दै गरेका राणा शासकहरूले स्वतन्त्र भारतसँग गरेको १९५० को सन्धिलाई पुनरावलोकन गर्न नेपालले भारतसँग कूटनीतिक वार्ताका लागि कुरा राखेको दशकौं भइसकेको छ । यसै सन्दर्भमा तयार भएको इपिजी रिपोर्ट भारतको प्रधानमन्त्रीले बुझेका समेत छैनन् । *- साभार: सेतोपाटी*

# मिस टिन नेपालमा उपाधिका लागि २० किशोरी भिड्दै

काठमाडौं/ मिस टिन नेपालको १८ औं संस्करणको ग्रान्ड फिनाले आगामि असोज ९ गते हुने भएको छ । काठमाडौं जेसिजले सन् २००२ देखि निरन्तर आयोजना गर्दै आएको मिस टिनको फाइनलमा २० जना प्रतिस्पर्धीहरुबीच उपाधि भिडन्त हुनेछ ।

आयोजक काठमाडौं जेसीजका अध्यक्ष अनुप सुनुवारका अनुसार किशोरीहरुको क्षमता अभिवृद्धि, सामाजिक एवं सांस्कृतिक वृत्तिविकास तथा महिला सशक्तिकरणको लक्ष्यसहित मिस टिन नेपालको आयोजना हुन लागेको हो । प्रतियोगिताबारे जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा बोल्दै अध्यक्ष सुनुवारले सेञ्चुरी मिस टिन नेपाल एक सौन्दर्य प्रतियोगितामात्रै नभएर महिला सशिक्तकरणका पक्षमा पैरवी गर्ने मञ्चसमेत रहेको बताए ।



प्रतियोगिताको अडिसन राउण्डमा सहभागि ५० जनामध्ये २० जना ग्राण्ड फिनालेका लागि चुनिएका हुन् । प्रतियोगिताको मुख्य कोरियोग्राफरको भूमिका प्रियारानी लामाले निर्वाह गर्नेछिन् । उनले प्रतियोगिताका सहभागिहरुलाई राम्री बन्न र बोल्नमात्रै प्रोत्साहन नगरिने भन्दै एक जिम्मेवार नागरिकका रुपमा सहभागिहरुको क्षमता विकास गराइने बताइन् । प्रतियोगिको ग्राण्ड फिनालेमा प्रतिस्पर्धा गर्नेहरुमा विभुषा बस्नेत, अदिती श्रेष्ठ, कसक पौडेल, सुम्निमा पुरी, आर्या पोखरेल, सुस्जिता पौडेल, स्नेहा पौडेल, पूजा ओली, प्रतिक्षा डंगोल, पारिका भण्डारी, हर्षिता पन्त, विसुका कोइराला, निशा सोनी, सुस्मिता अधिकारी, रोशनी सुनवार, खुसी श्रेष्ठ, आरती गिरी, सञ्जु श्रेष्ठ र कुसुम भट्टराई रहेका छन् । प्रतियोगितामा मिस टिन नेपाल २०२२ को मुख्य टाइटलसहित विभिन्न १२ सब टाइटल अवार्डहरु राखिएका छन् । १६ देखि १९ वर्षसम्म किशोरीहरु प्रतिस्पर्धी रहेको मिस टिन नेपालको मुख्य प्रायोजकका रुपमा सेञ्चुरी रहेको छ भने एनआइसी एसिया बैंक बैंकिङ पार्टनर रहेको छ । आयोजकका अनुसार मिस टिन २०२२ को भोटिङ पार्टनरमा खल्ती, डिजिटल पार्टनरमा केटिएम रुस, फुड पार्टनरमा द बर्गर हाउस, फेसन पार्टनरमा नमूना कलेज अफ फेसन टेक्नोलोजी, यचु बुटिक र नीर्तिज डिजाइन रहेका छन् ।

प्रतियोगिताका विजेताहरुलाई क्राउन, अवार्ड र 'सी इज सक्सेस' नाम सामाजिक परियोजनामा काम गर्ने लगायतका अवसर प्राप्त हुने आयोजकले जनाएको छ ।

-साभार: इकागज

# फिल्म नचलेको हल्लापछि हल पुगे पूजा र सोनम

काठमाडौं/ केही वर्षयता फिल्म प्रदर्शनको समयमा कलाकारहरु हल पुगेर दर्शकको भीड मिडियामा देखाउने होडबाजी नै चलेको छ । यस हप्ताको शुक्रवारबाट प्रदर्शनमा आएका दुई नेपाली फिल्म 'सम्हालिन्छ कहिले मन' र 'भिँगेदाउ'ले पनि यो परम्परालाई निरन्तरता दिए । दुवै फिल्मका कलाकारहरु शुक्रवारदेखि विभिन्न हल पुगेर दर्शकको भीड मिडियामा देखाउन प्रतिस्पर्धा गरिरहेका छन् ।



शुक्रवार र शनिवार 'सम्हालिन्छ कहिले मन'का कलाकारहरु पूजा शर्मा, आकाश श्रेष्ठ र सोनम तोप्देनले काठमाडौंका कुनै हल पुग्न बाँकी राखेनन् । दुई दिन फिल्मले व्यापार पनि राम्रो गर्‍यो । तर, आइतवारदेखि कलाकारहरु हल पुग्न छाडेपछि फिल्मले तम तोडेको हल्ला चल्यो । एक पत्रकारले फिल्म हेर्ने दर्शक छैनन् भनेर समाचार लेखेपछि निर्देशक सुदर्शन थापाले धम्की समेत दिए ।

'भिँगेदाउ'का कलाकारहरु आइतवारपछि पनि हल-हल धाएर दर्शकहरुको भीड देखाउन थालेपछि 'सम्हालिन्छ कहिले मन'का कलाकारहरुले पुन: 'हल भिजिट' सुरु गरेका छन् । मंगलवार दिउँसो पूजा र सोनमले चाबहिलको एफक्यूब हल पुगेर हाउसफुल दर्शकसँग साक्षात्कार गरे । प्रदर्शनको पाँच दिनमा पनि दर्शकबाट यसप्रकारको साथ र माया मिलेकोमा दुवैले खुसी प्रकट गरे ।

पूजाले फिल्म नचलेको भन्ने हल्लाबारे पनि शान्त शैलीमा आफ्नो धारणा राखिन् । उनले भनिन्, 'हलमा दर्शकहरु देखाएपछि मात्र फिल्म चल्यो भन्ने हुने रहेछ । हामी फिल्मको प्रचारदेखि प्रदर्शनको दुई दिन धेरै कुद्यौं । शनिवारपछि आराम गरेर बसेका थियौं । तर, बजारमा फिल्मै चलेको छैन जस्तो भएछ । अनि आज चाहिँ जानै पर्छ भन्ने भयो । नभए त फिल्मै चलेको छैन जस्तो हुने रैछ ।'

कलाकारहरु सो-पिस भएको गुनासो पोख्दै उनले अगाडि भनिन्, 'हाम्रो कामलाई दर्शकले मन पराउनुहुन्छ भनेर ढुक्कसँग बस्छौं । तर, कस्तो भइदियो भने दर्शकसम्म नपुगेसम्म फिल्मै चलेको छैन भन्ने खालको वातावरण बन्ने रहेछन् । तर पनि केही छैन । हामीलाई दर्शकसम्म पुगिरहनै मनपर्छ । हामी बनेकै दर्शकका कारणले हो । दर्शकसम्म जान पाउनु भनेको त गर्वको कुरा हो ।'

प्रदर्शनको पाँचौं दिनमा पनि हलहरुमा दर्शकको उत्साहजनक उपस्थिति हुनु राम्रो फिल्मको प्रतिफल रहेको सोनमको बुझाई छ । फिल्ममा काम गर्दै गर्दा आफूले यसखालको माया पाउँछु भन्ने कहिल्यै नसोचेको उनी बताउँछन् । आफूलाई कुनै उपाधिले भन्दा कलाकारको रुपमा चिन्दा बढी खुसी हुने उनको भनाई छ । गायक समेत रहेका उनको 'सम्हालिन्छ कहिले मन' डेब्यू फिल्म हो । -साभार: फिल्मीखबर

# सिकलसेल एनिमियाका बिरामीमा पीडैपीडा

तुलसीपुर (रासस)/ दाङ दङ्गीशरण गाउँपालिका-६ वागरका प्रदीप चौधरीले सिकलसेल एनिमियाको उपचारका लागि मात्रै १७ लाख खर्च गरिसके । एक्काइस वर्षीय उनी विगत आठ-नौ वर्षदेखि सिकलसेल पीडित थिए । तर राज्यले औषधि सहजरूपमा उपलब्ध गराउन नसक्दा उनलाई निकै समस्या हुने गरेको छ ।

"एक त सिकलसेलको उपचार गर्दा लाखौं खर्च गरेको पीडा छ", उनले भने, "अर्कातर्फ सहजै औषधि पाइदैन ।" सिकलसेल लागेका उनलाई कहिल्यै खुट्टा दुख्ने, कहिल्यै हात, छाती, पेट दुख्ने समस्या हुन्छ भने कहिले श्वास फेर्न गाह्रो हुन्छ । लाखौं खर्च भइसकेकाले अब कसरी उपचार गर्ने भन्ने उनलाई सताउने गरेको छ । उनमा महिनामा दुई-तीनपटक बिरामी हुने गर्छन् । उनका घरपरिवारलाई पनि कसरी खर्च व्यवस्थापन गर्ने भन्ने चिन्ता छ । "घरमा भएको जति सबै पैसा सकियो", प्रदीपकी आमा सुन्द्रीले भनीन्, "अहिले प्रदीपका बुवा पैसा कमाउन भनेर काठमाडौं गएका छन्, त्यतै पलम्बरको काम गर्छन् ।"

त्यस्तै दङ्गीशरण गाउँपालिका-४ निवासी पवित्रा चौधरीलाई पनि सिकलसेल छ । उनलाई सिकलसेल भएको दुई-तीन वर्ष भयो । उनमा सिकलसेल देखियो, त्यसपछि नियमित औषधि खाइरहनुपर्छ । औषधि खाँदा-खाँदा पैसा सकिएको उनले बताए । "पटक-पटक बिरामी भइरहन्छु, नियमित औषधि खाइर हनु पर्छ", उनले भनिन्, "राज्यले औषधिमा सहुलियत गरिदिए धेरै सहज हुन्थ्यो ।" उनलाई पेट दुख्ने, वाकवाकी लाग्ने हुन्छ । उनका दुई वर्षीय छोरामा पनि सिकलसेल एनिमिया देखिएको छ । छोरालाई पनि पटक-पटक ज्वरो आउने हुन्छ । त्यस्तै तुलसीपुर-६ वनकट्टी निवासी प्रदीप चौधरीले पनि सिकलसेल एनिमियाकै उपचारका लागि २७ लाख खर्च गरिसकेका छन् । "मेरो २७ लाख उपचारमै खर्च भएको छ", उनले भने "अब कसरी उपचार गर्ने भन्ने चिन्ता थपिएको छ ।"

यी त केही उदाहरणमात्रै हुन् । थारू स्वास्थ्यकर्मी संघका केन्द्रीय अध्यक्ष जीवराज चौधरीका अनुसार दाङमा मात्रै करिब २४ हजार यस्ता रोगी रहेका छन् । "अहिलेसम्म यसको खास तथ्याङ्क त कसैले राखेको छैन, तर थारूहरूको जम्मा जनसंख्याको १२ प्रतिशतमा यस्तो रोग देखापरेको भनी सरकारले स्वीकारेको छ", उनले भने, "दाङमा जनगणना २०७८ अनुसार करिब दुई लाख जनसङ्ख्या छ, त्यसका आधारमा अहिले पनि २४-२५ हजार सिकलसेलका बिरामी छन् ।"

अहिले धेरै जनाको त 'स्क्रिनिङ' नै हुनसकेको छैन । यसले गर्दा पनि खास यस्ता रोगीहरूको पहिचान हुनसकेको छैन । राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा स्क्रिनिङका लागि मेसिन रहे पनि उल्लेख्य मात्रामा मानिस आउने गरेका छैनन् । अहिले राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट एक सय १८ जनाले औषधि खाइरहेका छन् भने थारू संघले १९ जनालाई दिइरहेको छ । यसको उपचार पनि सम्भव छैन । संघका अध्यक्ष चौधरीका अनुसार लक्षणअनुसार उपचार गर्नुपर्ने हुन्छ ।

निको नहुने तर, उपचार गरिरहनुपर्ने अवस्था छ । बोनम्यारो प्रत्यारोपण गरे उपचार सम्भव हुने भए पनि त्यो निकै खर्चिलो रहेको उनको भनाइ छ । बोनम्यारो प्रत्यारोपणका लागि २०-२५ लाख खर्च लाग्छ । राज्यले औषधिका लागि पनि सहज बनाउनुपर्छ । "यदि भेरी अस्पतालमा सिकलसेल एनिमियाको पुष्टि भएमा भेरीबाटै औषधि लैजानुपर्ने अवस्था छ, यसले निकै समस्या पारेको छ । लकडाउनको समयमा सात सयको औषधि ल्याउन सात हजार खर्च गर्नुपर्ने अवस्था भयो", उनले भने, "त्यसैले पहिचान जहाँ भए पनि पायक पर्ने स्थानबाट औषधि लैजान मिल्ने व्यवस्था गरिदिनुपर्छ ।" अस्पतालले सिकलसेल एनिमिया भएको भनी प्रमाणित गरेको कार्डसहित स्वास्थ्य कार्यालयमा आएमा कार्यालयले एक लाख बराबरको नि:शुल्क उपचारका लागि सिफारिस गर्ने गरिएको छ ।

थारू समुदायमा लाग्ने यो रोगबाट धेरै जना पीडित भएको हुनसक्ने भए पनि सबैको स्वास्थ्य परीक्षण गर्ने व्यवस्था नहुँदा रोगीको यकिन तथ्याङ्क नभएको उनको भनाइ छ । यसका लागि स्थानीय सरकार तथा प्रदेश सरकारले पनि त्यति चासो देखाएको छैन । थारू समुदायमा यो रोग भयावह भए पनि सीमित बजेटले गर्दा प्रभावकारी काम हुनसकेको छैन । "हामीले विगतमा पनि सिकलसेलका लागि बजेट छुट्याएका थियौं, यसपटक पनि छुटयाएका छौं", दङ्गीशरण गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अमर वलीले भने ।

**के हो सिकलसेल एनिमिया ?**

चिकित्सकका अनुसार सिकलसेल एनिमिया एक किसिमको रगतसम्बन्धी वंशाणुगत रोग हो । मानिसको रगतको कोशिकामा क्रोमोजोम हुन्छ र त्यसमा जिन हुन्छ । जिन धेरै प्रकारका हुन्छन् । तिनमा खराबी आएमा सिकलसेल एनिमिया हुन्छ । यो रोग आमाबाबु दुवैमा भए सन्तानमा पनि संक्रमित हुने धेरै सम्भावना रहन्छ । तर आमा वा बाबु कुनै एक जनामा मात्र छ भने सन्तानमा देखिने सम्भावना न्यून हुन्छ ।

सिकलसेल एनिमिया रगतको रातो रक्तकोषभित्र रहने र हेमोग्लोविनलाई असर पार्ने वंशाणुगत रोग हो । रातो रक्तकोषको आकार परिवर्तन भई सिकल अथवा हँसियाको रूप लिने हुनाले यसलाई सिकलसेल एनिमिया भनिन्छ । सिकलसेल भएपछि रगतको कोशिकाले हँसियाको आकार लिन्छ र त्यसले विभिन्न समस्या निम्त्याउने गर्छ । त्यसलाई नेपालीमा कालो जन्डिस भन्ने गरिएको छ । यसले गर्दा कलेजो बढ्नुका साथै इन्फेक्सन हुन्छ र मुख्यत: रगतको कमी हुन्छ । हँसिया आकारको रातो रक्तकोष धेरै कडा एवं एकापसमा टाँसिने हुन्छ । त्यस्ता बिरामीको रगतमा अक्सिजनको कमी भई भित्री अङ्गमा नोक्सानी हुनुका साथै मस्तिष्कघात हुनसक्छ । यसको दुखाइ एकदमै कडा हुन्छ ।

स्वस्थ व्यक्तिमा रक्तकोष गोलो आकारको हुन्छ भने सिकलसेल एनिमिया भएका व्यक्तिको हँसिया आकारको हुन्छ । सामान्यतया सेलको आयु एक सय २० दिनको हुन्छ, तर सिकल भएको हँसिया आकारको सेलको आयु २१-२२ दिनको हुन्छ । त्यसकारण शरीरमा अक्सिजन र पोषण नपुग्दा मांशपेसी र जोर्नीमा धेरै पीडा हुन्छ । कतिपय बिरामीको रोग पहिचान गर्न नपाउँदै मृत्यु हुन्छ । सिकलसेलमा व्यक्तिपिच्छे फरक-फरक लक्षण देखिन्छन् ।

हाल नेपालमा थारू समुदायमा मात्रै देखिएको भनिए पनि विस्तारै सबै जातमा यो रोग देखिन थालेको छ, तर धेरै संख्यामा थारूहरूमा देखिएको छ । यो रोग थारू समुदायमा मात्रै हुन्छ भन्नु गलत भएको विशेषज्ञ बताउँछन् । उक्त रोगको पूर्ण उपचारका लागि सबै थारू समुदायको रगत परीक्षण गरी लक्ष्यअनुसार उपचार गर्न सकिने थारु स्वास्थ्यकर्मी संघका अध्यक्ष चौधरीले बताए ।

साथै यो रोग न्यूनीकरणका लागि जनचेतना जगाउनआवश्यक रहेको उनको भनाइ छ । आमाबाबुबाट बच्चामा सर्ने भएकाले सिकलसेल भएका बिरामीले विवाह नगर्ने र यदि गरे पनि बच्चा नजन्माउने उनले बताए । त्यस्तै सिकलसेल एनिमियाको वाहक भएकाले अर्को वाहक भएकासँग विवाह नगर्नसमेत उनले सुझाव दिए । दुवै वाहक भएमा बच्चामा सर्न सक्ने उनको भनाइ छ । तर वाहक भएकाले सामान्य व्यक्तिसँग विवाह गर्दा बच्चामा नसर्ने उनले भनाइ छ ।

## *प्रगति माविको...*

नयाँ भवनमा ६ वटा कक्षा कोठा बनेका छन् । तीन तले भवनमा फर्निचरको पनि व्यवस्थापन गरिएको छ । गौतमले निर्धारित समयभन्दा अघि नै निर्माण सम्पन्न गरेकोमा निर्माण कम्पनीलाई धन्यवाद दिए ।

मकवानपुरका सामुदायिक विद्यालयहरु भौतिकरुपले सम्पन्न भएकाले अब शैक्षिक गुणस्तर बृद्धिमा लाग्नुपर्ने गौतमले बताएका छन् । प्रगति माविको विकासका लागि आफू हरेक सहयोग गर्न तयार रहेको उनको भनाइ छ । विद्यालय अध्यक्ष पराजुलीले विद्यालयलाई थप भवन आवश्यक रहेको बताएका छन् ।

# संघीय शिक्षा विधेयक मन्त्रिपरिषद्को समितिमा

काठमाडौं, २१ भदौ (रासस)/ लामो समयदेखि प्रतीक्षारत संघीय शिक्षा विधेयक मन्त्रिपरिषद्को विधेयक समितिमा पुगेको छ ।

मन्त्रिपरिषद्को मंगलबारको बैठकले सो विधेयक उक्त समितिमा पठाउने निर्णय गरेको र त्यहाँबाट आएपछि संघीय संसद्मा दर्ता गरिने शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले जानकारी दिए ।

शिक्षा ऐन, २०२८ लाई विस्थापन गरी नयाँ संविधान अनुकूल संघीय शिक्षा ऐन ल्याउन संसद्को सम्बन्धित समिति र शिक्षा क्षेत्रका सरोकार भएकाले पटक-पटक ध्यानाकर्षण गराउँदै आएका छन् । मन्त्रालयले राष्टिँय शिक्षा दिवसको मिति तर्जुका विषयमा मन्त्रिपरिषद्मा प्रस्ताव लगेको जनाइएको छ ।

# साफ च्याम्पियनसिपमा नेपालको सुखद् सुरुआत

काठमाडौं, २१ भदौ (रासस)/ नेपालकी सावित्रा भण्डारी (साम्बा) र अनिता बस्नेतको गोलमा छैटौंसंस्करणको साफ च्याम्पियनसिपमा नेपालले भुटानलाई पराजित गर्दै प्रतियोगितामा सुखद् सुरुआत गरेको छ ।



त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा मंगलबार भएको उद्घाटन खेलमा नेपालले भुटानलाई ४-० गोलअन्तरले पराजित गर्दै प्रतियोगितामा सुखद् सुरुआत गरेको हो । नेपालले खेलको पहिलो हाफमा एक गोल गर्दा दोस्रो हाफमा थप तीन गोल थप्यो । नेपालकी चर्चित फरवार्ड खेलाडी सावित्राले खेलको पहिलो हाफको १२ औं मिनेटमा एक गोल गर्दै नेपाललाई पहिलो अग्रता दिलाइन् ।

भुटानकी गोलरक्षक संगीता मोनगेर गोलपोष्टबाट अघि बढ्दै बल क्लियर गर्न खोज्ने क्रममा नेपालकी अमिशा कार्कीले दिएको पासलाई सदुपयोग गर्दै सावित्राले गोल गरिन् । यसै खेलबाट राष्ट्रिय सिनियर टिममा अमिशाले डेब्यु गरेकी हुन् ।

यसैगरी खेलको ६८ औं मिनेटमा सावित्राले व्यक्तिगत दोस्रो गोल गरिन् । खेलको दोस्रो हाफको सुरुआती समयमा नै मैदान प्रवेश गरेकी रेखाकुमारी पौडेलको पासलाई सदुपयोग गर्दै सावित्राले वान भर्सेस वान टचमा गोल गरेकी हुन् ।

खेलको ७३ औं मिनेटमा नेपालकी मिडफिल्डर अनिताले भुटानका दुई मिडफिल्डरलाई बिट गर्दै उत्कृष्ट गोल गरिन् । खेलको ८५ औं मिनेटमा अनिताले व्यक्तिगत दोस्रो गोल गर्दै नेपाललाई ४-० को सहज जित दिलाइन् । नेपालकी अनिता केसीको क्रस बललाई भुटानी गोलरक्षकले पञ्च गरेर बाहिर फालेको बललाई सदुपयोग गर्दै अनिताले गोल गरेकी हुन् ।

खेलपछि नेपाली टोलीका मुख्य प्रशिक्षक कुमार थापाले खेलको पहिलो हाफमा वर्षाका कारण खेलाडीले सोचेअनुरुपको खेल प्रदर्शन गर्न नसकेकेको बताए । उनले खेलको दोस्रो हाफमा भने खेलाडीले राम्रो खेलको बताउँदै भुटान राम्रो टोली भएको टिप्पणीसमेत गरे ।

त्यसैगरी भुटानकी सहायक प्रशिक्षक टंकमाया घलेले नेपाल फिजिकली रुपमा स्ट्रोङ भएको कारणले पनि आफ्नो टोली पराजित हुन पुगेको बताए । उनले अर्को खेलमा भने राम्रो नतिजा ल्याउने विश्वास व्यक्त गरे । नेपालले अब यही भदौ २७ गते समूह चरणको दोस्रो खेल श्रीलङ्कासँग खेल्नेछ ।

साफ च्याम्पियनसिप अन्तर्गत आज दुई खेल हुनेछ । पहिलो खेल दिउँसो १ बजे डिफेन्डिङ च्याम्पियन भारत र पाकिस्तानबीच हुनेछ । दोस्रो खेल बङ्गलादेश र माल्दिभ्सबीच हुनेछ । उक्त खेल ५:३० बजे हुनेछ ।

# अमेरिकाबाट गाँजा पार्सल आएपछि...

काठमाडौं, २१ भदौ (रासस)/ अमेरिकाबाट आउने पार्सल केही बहुमूल्य चिज होला भन्ने जो कोहीलाई पनि लाग्न सक्छ । केही नेपालीका सपनाको गन्तव्य मुलुक त्यसमाथि शक्तिमान राष्ट्र, अमेरिका । नेपाली नागरिकले त्यहाँबाट आउने उपहार नौलो र रोचक हुने अनुमान गर्नु स्वभाविक पनि हो तर त्यही मुलुकबाट गाँजा पार्सल गरी सरकारी निकाय हुलाकमा आउँछ भन्ने कुरा धेरैलाई थाहा नहुने सक्छ । बाह्य मुलुकबाट यसरी सानो परिमाणामा लागुऔषध भित्रिएका घटना बेलाबेलामा सुनिएको हो ।

यसपटक भने झण्डै दुई किलो गाँजा त्यसैगरी हुलाक हुँदै नेपाल भित्रिएको छ । उक्त पार्सल अनुसन्धानका लागि प्रहरीले बरामद गरी त्यसमा संलग्न रहेका तीन व्यक्तिलाई पक्राउ गरेको छ ।

त्यसका मुख्य कारोबारीको हुन् भन्ने विषयमा भने अझै अनुसन्धान कै क्रममा रहेको लागुऔषध नियन्त्रण ब्यूरोका प्रवक्ता प्रहरी उपरीक्षक योगेन्द्रकुमार खड्काले जानकारी दिए ।

घटना यही सोमबारको हो । गोश्वारा हुलाक कार्यालय डिल्लीबजारमा अमेरिकाबाट गाँजा हालेर उपहारका रुपमा पार्सल आयो । कुनै व्यक्तिको नाममा उपहार भनेर उक्त पार्सल आएको थियो । हुलाकमा प्रहरी टोली खटाइँदै आएको छ । उक्त पार्सल मेसिनमा स्क्रिनिङ गर्दा असहज देखियो ।

"अनुसन्धानका क्रममा भित्र गाँजा भएको खुल्यो, त्यसपछि अनुसन्धानलाई थप बलियो बनाउँदै मान्छे समाउन लाग्यौं", खड्काले भने, "लिन आउने व्यक्तिलाई नियन्त्रणमा लिएर थप व्यक्ति खोज्न थाल्यौं ।"

हुलामा उक्त पार्सल लिन काभ्रेको माण्डनदेउपुर नगरपालिका-७ का २८ वर्षीय मनोज राई आए । हुलाकबाट पार्सल रिसिभ गर्ने बित्तिकै उनी पक्राउ परे । त्यहाँ थियो दुई किलो गाँजा । सुरुमा उनले केही कुरा खुलाएनन् ।

विस्तारै सोधपुछका क्रममा राईबाट काठमाडौं महानगर पालिका-१ नक्सालका ३० वर्षीय अंकितकुमार श्रेष्ठ पनि यसमा संलग्न रहेको कुरा खुलेपछि काठमाडौंको खुस्बुबाट पक्राउ परे ।

थप अनुसन्धान गर्दै जाँदा मनोजलाई ३० हजार दिने शर्तमा राहुल र अंकीतले परिचालन गरेको पत्ता लाग्यो । तत्कालै प्रहरीले काठमाडौंको नक्सालबाट क्षेत्रीलाई पनि पक्राउ गर्‍यो । यो पार्सल उनीहरूमा मात्रै सीमित छैन । उनीहरू पहिलो तहका संलग्न व्यक्ति हुन् । गाँजा मगाउने मुख्य व्यक्ति को हुन् प्रहरीले अझै खुलाएको छैन तर पार्सल तीनै जनाको मिलेमतोमा भित्राइएको पाइएको छ ।

***यसरी बनेको थियो त्रिपक्षीय योजना...***

धेरै पहिलेदेखि नै राहुल र अंकित साथी थिए । उक्त पार्सल मगाउने राहुलले अंकितको नाममा मगाउन प्रस्ताव गरेर तर राहुलले पक्राउ पर्ने डरले मानेन् ।

बरु चिनजानको अर्को साथीको नाम लिँदै उनको नाममा मगाउन प्रस्ताव गरे । उनको नाम हो मनोज राई । मनोजको नाममा पार्सल मगाउने अंकित र राहुलको सहमतिमा मनोज पनि राजी भए ।

विगतमा मनोज ठमेलको एक पबमा काम गर्थे । उक्त पबका अंकित नियमित ग्राहक थिए । विस्तारै उनीहरूको चिनाजान साथीमा परिणत भयो । बन्दाबन्दीमा समयमा पब बन्द भएपछि राईलाई अंकितले नयाँ जागीर लगाइदिएपछि उनीहरूको सम्बन्ध घनिष्ट भयो । त्यसैले उनीहरूले मनोजलाई प्रयोग गरेर उनको नाममा पार्सल मगाउन सफल भएका थिए ।

# डेंगु नियन्त्रण गर्न ध्यानाकर्षण

काठमाडौं २१ भदौ (रासस)/ राष्ट्रियसभाका सांसदहरुले मुलुकको समसामयिक विषयमाथि सरकारको ध्यानाकर्षण गराएको छ ।

राष्ट्रियसभाको मंगलबारको बैठकको शून्य समयमा बोल्दै सांसदहरुले आगामी निर्वाचनमा महिला उम्मेदवारको प्रतिनिधित्व बढाउन, डेंगु रोग नियन्त्रण, अव्यवस्थित अवस्थामा रहेका सवारी साधनको व्यवस्थापनलगायत विषयमा सरकारको ध्यानाकर्षण गराएको हो ।



सांसद अनिता देवकोटाले आगामी प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा संविधानको मर्म र भावनालाई ध्यानमा राखी प्रत्यक्षतर्फ महिलालाई उम्मेदवार बढाउन सम्बन्धित सबै राजनीतिक दललाई अनुरोध गरे । उनले डेंगु नियन्त्रणलाई लामखुट्टेको लार्भा नाश गर्ने कीटनाशक औषधि छर्कन र सचेतनाका लागि यथाशीघ्र प्रभावकारी कदम चाल्न सरकारको ध्यानाकर्षण गराए ।

सांसद दिलकुमारी रावल थापा (पार्वती) ले देशभर करिब ३६ हजार संख्यामा सरकारी विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी विभिन्न माग राखी लामो समयदेखि संघर्षरत रहेको भन्दै उनीहरुलाई तह अनुसारको पारिश्रमिक सुविधा मिलाउन सरकारको ध्यानाकर्षण गराए । उनले मिटरब्याज पीडित नागरिकको समस्या समाधान गर्न पनि आग्रह गरे ।

सांसद नन्दा चपाईंले काठमाडौं उपत्यकामा अव्यवस्थित अवस्थामा रहेका सवारीसाधनको व्यवस्थापन गर्न माग गरे । उपत्यकामा मात्रै एक हजार नौ सय ४९ थान सवारीसाधन अव्यवस्थित रहेको पाइएको र यसबारे दिगो व्यवस्थापनका लागि कानुनी रुपमा समाधानका लागि पहल गर्न आग्रह गरे ।

सांसद डा. बिमला राई पौड्यालले जनताको करबाट तलब सुविधा लिने सार्वजनिक पदधारण गरेका सबै व्यक्ति जनताका सेवक हुन् शासक हैनन् भन्दै पदीय जिम्मेवारीमा रहेका व्यक्तिले श्रमिकमाथि गरेको व्यवहारबारे माफी माग्नुपर्ने धारणा राखे ।

# दुर्घटनामा अङ्गभङ्ग भएकालाई मासिक १५ सय

चौतारा, (रासस) / अरनिको यातायात प्रालिले बसमा यात्रा गर्दा दुर्घटना परेर अङ्गभङ्ग भएर घाइते भएकालाई आजीवन एक हजार ५०० भत्ता दिने भएको छ ।


समितिका सचिव तथा प्रवक्ता प्रभुराम थापाका अनुसार नवनिर्वाचित समितिको पहिलो बैठकले व्यवसायी भलाइ कोषमा क्रियाशील सदस्यको मृत्यु हुँदा पाँच लाख क्षतिपूर्ति दिनेमा त्यसलाई बढाएर १० लाख बनाएकोसमेत प्रवक्ता थापाले बताए ।




अरनिको यातायातका कर्मचारी बहालवाला रहेकै अवस्थामा अचानक निधन भएका खण्डमा तीन लाख दिने निर्णय बैठकले गरेको छ । मजदुर, चालक, सहचालकको पाँच लाखको दुर्घटना बीमाबापतको रकम दिने गरेकामा बैठकले १० लाख बनाउने निर्णय गरेको प्रवक्ता थापाले जानकारी दिए । समितिले दसैं, तिहार लक्षित गरेर यही भदौ २३ गतेदेखि अग्रिम टिकट बुकिङ खुला गर्ने भएको छ । अरनिको यातायातले काठमाडौं पूर्वका सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, दोलखा, रामेछापलगायतका जिल्लाका दुरदराजसम्म यातायात सेवा प्रदान गरिरहेको छ ।

# मकवानपुरको ४ वटा स्थानीय तहमा फैलियो डेंगु

साझाकुरा संवाददाता



हेटौंडा, २१ भदौ/ मकवानपुरको ४ वटा स्थानीय तहमा डेंगु रोगको संक्रमण फैलिएको छ ।

जिल्लाको १० वटा पालिकामध्ये ४ वटा पालिकामा डेंगु रोगको संक्रमण फैलिएको हो । जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरका सूचना अधिकारी लक्ष्मण घिमिरेका अनुसार हालसम्म सातसय २३ जनामा डेंगु संक्रमण भइसकेको छ ।

तीमध्ये थाहा नगर पालिकामा एक, मकवानपुरगढी गाउँपालिकामा चार र मनहरी गाउँपालिमा पाँच जनामा डेंगु भेटिएको छ भने बाँकी सबै संक्रमित हेटौंडा उपमहानगरपालिकाका हुन् । उनका अनुसार जिल्लाको सबैभन्दा बढी डेंगु संक्रमित हेटौंडा-४ र ५ नम्बर वडमा छन् ।

'अन्य स्थानीय तहमा भन्दा हेटौंडा उपमहानगरपालिकामा नै व्यापक डेंगु फैलिएको पाइएको छ । हेटौंडाको पनि ४ र ५ नम्बर वडामा धेरै बिरामी भेटिएका छन्,' घिमिरेले भने । उनले डेंगु नियन्त्रणको अभियान सुरु गरिएको बताए । जिल्लामा तीव्र गतिमा डेंगु फैलिएपछि नियन्त्रणका लागि लार्भा नष्ट अभियान नै सञ्चालन गरिएको बताए । डेंगुको अन्य उपचार हालसम्म पत्ता नलागेकोले यसको संक्रमणलाई नै रोकथाम गर्न लामखुट्टेको लार्भा नष्ट अभियान सञ्चालन गरिएको उनको भनाइ छ । स्वास्थ्य कार्यालयले उपमहानगरपालिका र विभिन्न संघसंस्थाहरुसंग सहकार्य गर्दै लामखुट्टेको लार्भा नष्ट गर्ने कार्य र सचेतना कार्यक्रमहरु गरिरहेको घिमिरेको भनाइ छ ।

**जापानीज इन्सेफ्लाइटिसबाट तीन जनाको मृत्यु**

जापानीज इन्सेफ्लाइटिस संक्रमणबाट मकवानपुरमा तीन जनाको मृत्यु भएको छ । जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरका अनुसार जापानीज इन्सेफ्लाइटिस संक्रमणबाट मकवानपुरमा तीन जनाको मृत्यु भएको हो ।

लामखुट्टेको टोकाइबाट हुने इन्सेफ्लाइटिस संक्रमणबाट जिल्लामा ३ जनाको मृत्यु भएको कार्यालयले जनाएको छ । कार्यालयका जनस्वास्थ्य अधिकृत लक्ष्मण घिमिरेले साउन यता हालसम्म जापानीज इन्सेफ्लाइटिसबाट जिल्लाको बकैया-७ का २ जना हेटौंडा-३ का एक जना गरी ३ जनाको मृत्यु भएको जानकारी दिए ।

# राक्सिराङमा बन्यो झोलुङ्गे पुल



साझाकुरा संवाददाता

हेटौंडा, २१ भदौ/ एउटा पुलसमेत नहुँदा ओहोरदोहोर गर्न वर्षौंदेखि सास्ती खेप्दै आएका जिल्लाको विकट राक्सिराङ गाउँपालिकाका स्थानीयले झोलुङ्गे पुल निर्माण भएसँगै खुशी भएका छन् ।

राक्सिराङ गाउँपालिका-७, स्थित शंकरखोलामा बनाइएको झोलुङ्गे पुलको बागमती प्रदेशका भौतिक पूर्वाधार विकास राज्यमन्त्री सन्तबहादुर प्रजा, गाउँपालिका अध्यक्ष राजकुमार मल्ल र प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गड्तौलाले संयुक्तरुपमा उद्घाटन गरेका छन् । एकसय १४ दशमलव ३० मिटर लामो झोलुङ्गे पुल बनेको हो । पुल निर्माणमा राडो नेपालले सामाजिक तथा प्राविधिक सहयोग गरेको छ ।

गाउँपालिकाका अध्यक्ष मल्लका अनुसार पुल निर्माण भएपछि राक्सिराङ-७ नम्बर वडाका गाइबाङ, दामराङलगायतका स्थानका २ सय ५० घरधुरीका करिब २ हजार जनसंख्या लाभान्वित हुनेछन् । २०७८ वैशाखामा पुलको निर्माण सुरु गरिएको थियो । भौतिक पूर्वाधार विकास राज्यमन्त्री प्रजाले पुल निर्माणसँगै स्थानीयलाई हिँड्न ठूलो राहत भएको बताए ।

गाउँपालिका अध्यक्ष राजकुमार मल्लले स्थानीय सरकार आइसकेपछि विकासले फड्को मार्ने क्रममा रहेको बतए । विकट गाउँमा पुल र बाटो पुऱ्याउन गाउँपालिकाले धेरै कामहरु गरेको उनको भनाइ छ ।

# 'ओलीको राजावादी शैलीले पार्टी विभाजन'

साझाकुरा संवाददाता




हेटौंडा, २१ भदौ/ बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको राजा शैलीले पार्टी विभाजन हुन पुगेको बताएका छन् ।

सत्तारुढ नेकपा (एकीकृत समाजवादी)को भ्रातृ संगठन युवा संघ नेपालको महाकाली-मेची युवा जागरण अभियानलाई हेटौंडामा सम्बोधन गर्दै पाण्डेले तत्कालीन नेकपा र एमाले विभाजनमा प्रमुख दोषि ओली रहेको आरोप लगाएका हुन् । ओलीभित्र राजतन्त्र रहेको भन्दै उनको राजा शैलीकै कारण पार्टी विभाजनतर्फ गएको दाबी गरे ।

मुख्यमन्त्री पाण्डेले एमाले सक्किने क्रममा रहेको टिप्पणीसमेत गरेका छन् । 'ओलीलाई देख्दा राजतन्त्रको याद आउँछ । ओलीको शैली राजतन्त्र सम्झाउने खालको छ । त्यसैले पार्टी विभाजन हुन पुग्यो', मुख्यमन्त्री पाण्डेले भने । कम्युनिष्ट पार्टीमा ओलीले राजावादी शैली अपनाएपछि आफूहरु समाजवादी अभियानमा सामेल भएको उनको भनाइ छ । ओलीको गलत प्रवृत्ति र ओली फालिसकिएको राजतन्त्र बनेपछि जन्मिएको पार्टी नेकपा एकीकृत समाजवादी रहेको उनको भनाइ छ । पाण्डेले नेकपा एमाले स्थानीय तहको निर्वाचनपछि महानगर, उपमहानगरमा शिला खोज्नुपर्नेजस्तो अवस्थामा पुगिसकेको उनको दाबी थियो । आगामी निर्वाचनमा गठबन्धनभित्रका दलहरु इमान्दार भएर एकसाथले अघि बढ्नु पर्नेमा उनको जोड छ ।

# चौघडा बजार क्षेत्रमा सरसफाई



साझाकुरा संवाददाता

हेटौंडा, २१ भदौ/ सफा हेटौंडा अभियानअन्तर्गत् हेटौंडा-६ चौघडा बजार क्षेत्रमा सरसफाई गरिएको छ ।

हेटौंडा उपमहानगर पालिकाको आयोजनामा केही हप्ता अघिबाट सुरु भएको अभियान अन्तर्गत मंगलबार हेटौडा-६ चौघडा बजार क्षेत्रमा सरसफाई गरिएको हो ।

स्वास्थ्य कार्यलय मकवानपुरको आयोजनामा डेंगु रोग नियन्त्रण अभियान अन्तर्गत् हेटौंडा उपमहानगरपालिका वडा नम्बर ६ वडा कार्यालय र टोलविकास संस्था वडा समन्वय समिति हेटौंडा-६ को समन्वयमा ४ दिने अभियानअन्तर्गत् सरसफाई गरिएको टोल विकास संस्था हेटौडा-६ का सचिव राजकुमार फुँयालले जानकारी दिए ।

हेटौंडा-६ को चुच्चेखोला, शान्तिटोल, रक्षादेवीटोल हात्तिलेट टोल, गौरीटार टोल, भुलभुले पुतलीबजार, दिब्यनगर, गुप्तेष्वरी चौघडा टोलमा सरसफाई गरिएको हो । सरसफाइ अभियानमा लामखुट्टेको लार्भा नष्ट गर्दै, फोहर व्यवस्थापन गर्न सम्बन्धित घर धनीलाई भनिएको फुयाँलले बताए ।

सरसफाई कार्यक्रममा हेटौंडा-६ का वडाध्यक्ष विष्णु बहादुर दाहाल, वडासदस्यहरु बिजय पौडेल, सरिता सापकोटा, मुना वि क, लेखराज ढकाल, नगर समन्वयका उपाध्यक्ष विष्णु ढुंगाना, सदस्य गोमा लामिछाने हेटौंडा-६ नम्बर टोल विकास समन्वय अध्यक्ष वासुदेव खतिवडा, उपाध्यक्ष रमेशकुमार थापा, सचिव राजकुमार फुँयाल, कोषाध्यक्ष नानीमाया रुम्बा, समन्वयका सदस्यहरु, स्वास्थ्यकर्मीको तर्फबाट हेटौंडा स्वास्थ्य चौकीका इन्चार्ज टीएन ढुङ्गेल, स्वास्थ्य स्वयम्सेविकाहरु, सुरक्षाकर्मी, चौघडा चौकीका प्रहरी नायव निरीक्षक रामशरण दुलाल लगायत ६ नं वडामा रहेका २३ वटा टोल विकास संस्थाका अध्यक्षलगायत पदाधिकारीहरुको सहभागिता थियो ।

# ज्येष्ठ नागरिकलाई घर-घरमा स्वास्थ्य परीक्षण



काठमाडौं, २१ भदौ (रासस)/ काठमाडौंको कागेश्वरी मनोहरा नगरपालिकाले नगरभित्रका ज्येष्ठ नागरिकलाई घरघरमा पुगेर नि:शुल्क स्वास्थ्य परीक्षणको व्यवस्था गरेको छ । नगरपालिकाका प्रमुख उपेन्द्र कार्कीले कार्यभार सम्हालेको एक सय दिनको अवसरमा मंगलबार पत्रकार सम्मेलन गर्दै ज्येष्ठ नागरिकलाई घरघरमा नि:शुल्क स्वास्थ्य परीक्षणदेखि चाडपर्व मनाउने खर्चसमेत वितरण गर्न लागिएको जानकारी दिए ।

"ज्येष्ठ नागरिकलाई वर्षको एकपटक विशेषज्ञ स्वास्थ्य सेवा सञ्चालन गर्ने र आगामी दशैं अगाडि ज्येष्ठ नागरिक चाडबाड खर्चबापत एक हजार उपलब्ध गराउने निर्णय गरेका छौं", कार्कीले भने । उनले मेयरसँग ज्येष्ठ नागरिक घरदैलो नि:शुल्क विशेषज्ञ स्वास्थ्य शिविर कार्यक्रमअन्तर्गत सबै वडाका ज्येष्ठ नागरिकको स्वास्थ्य चेकजाँचका लागि वडा नम्बर-९ बाट सुरु गरिएको छ । ज्येष्ठ नागरिकलाई खाजा, ज्येष्ठ नागरिक भवन तथा ज्येष्ठ नागरिक पार्कका लागि पनि गृहकार्य सुरु गरिएको उनको भनाइ छ ।

सो नगरपालिकाले किसान कार्डको व्यवस्था गर्दै वर्ष र बाढीबाट क्षति बेहोरेका किसानलाई क्षतिपूर्ति र अर्गानिक कृषि व्यवसाय प्रवर्द्धनका लागि अनुदानको व्यवस्था गर्ने घोषणा गरेको छ । स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन मेडिकल अधिकृत थपेको सो नगरपालिकाले १५ शय्याको नगर अस्पतालका लागि संघीय सर कारबाट २० करोड रकम लिएर काम अघि बढाएको नगरप्रमुख कार्कीले बताए ।

यस्तै, शिक्षातर्फ सुधारका लागि नगरशिक्षा ऐन संशोधन गरेको छ भने एक शिक्षक एक ल्यापटप अभियान सञ्चालन गरेको छ । ल्यापटप अभियानअन्तर्गत दुई सय नौ शिक्षकलाई ल्यापटप वितरण गरिएको नगरप्रमुख कार्कीको भनाइ छ । "सामुदायिक विद्यालयको दरबन्दी अभावको समस्या समाधानका लागि नगरपालिकाले आन्तरिक स्रोतबाटै उच्च माविमा आइसिटी र खेलकुदलगायत शिक्षक व्यवस्था गरेको छ", उनले भने । विधायनको दर्ता र नवीकरणबापतको शुल्कमा २५ प्रतिशत घटाएको नगर प्रमुख कार्कीको भनाइ छ ।

सामुदायिक विद्यालयमा इसिडी कक्षा सञ्चालनका लागि नगरपालिकाले प्रधानाध्यापकलाई प्रोत्साहन भत्ता, विद्यालय कर्मचारीलाई थप पारिश्रमिक र शिक्षकलाई दिवा खाजाको व्यवस्था गरेको जनाएको छ । यस्तै, नगरपालिकाले नगरभित्रको फोहोरको परिमाण घटाउन स्रोतमै फोहोरको वर्गीकरण गरी छुट्टाउने नीति लिँदै नगरभित्रै फोहोर व्यवस्थापनको तयारी गरेको हो ।

कागेश्वरी मनोहरालाई खेलकुद नगरी बनाउनका लागि नगरपालिकाले खेल क्षेत्रलाई उच्च प्राथमिकता राखेर बजेट विनियोजन गरेको उनको भनाइ छ ।

# आयात प्रतिस्थापन गर्नुपर्छ: अध्यक्ष नेपाल

काठमाडौं, २१ भदौ (रासस)/ नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले कृषि क्षेत्रलाई व्यवस्थित गरी मुलुकमा आयात प्रतिस्थापन गर्नुपर्ने बताएको छ ।

किसान संगठनका प्रतिनिधिमण्डलको ज्ञापनपत्र बुझ्दै अध्यक्ष नेपालले मुलुकमा आत्मनिर्भर हुने कृषि उत्पादन वृद्धि गरी अर्थतन्त्रलाई गतिशील बनाउन सकेमा देशको विकास सम्भव भएको बताए । पूर्वप्रधानमन्त्री समेत रहेका अध्यक्ष नेपालले कृषि र वनसँग सम्बन्धित थुप्रै कार्यक्रमलाई किसानको आयस्तर वृद्धिसँग जोडनुपर्ने बताउँदै देशको अर्थतन्त्र आत्मनिर्भर गर्न कृषिलाई जीवनोपयोगी बनाउनु जरुरी भएको विचार व्यक्त गरे ।

अत्याधुनिक प्रविधिको प्रयोग गरी उत्पादन गरेर रूपान्तरण गर्नुको विकल्प नभएको औँल्याउँदै उनले कृषि क्षेत्रको रूपान्तरणको लागि प्रतिनिधिमण्डलले ल्याएका मागप्रति आफ्नो पार्टीको ऐक्यबद्धता प्रकट गरे । अखिल नेपाल किसान महासंघका अध्यक्ष बलराम बाँस्कोटा, अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी) का अध्यक्ष चित्रबहादुर श्रेष्ठ, अखिल नेपाल किसान महासंघ (अप्फा) का अध्यक्ष भैरव रेग्मी, अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी) का अध्यक्ष सीताराम तामाङ, अखिल नेपाल किसान युनियनका अध्यक्ष रामदुलार महतो र अखिल नेपाल प्रगतिशील किसान संघका अध्यक्ष दुर्गाप्रसाद जैसीले संयुक्तरुपमा ज्ञापनपत्र बुझाएको थियो ।

# महिला साफ च्याम्पियनसीप फुटबल: पहिलो हाफमा नेपाललाई अग्रता

काठमाडौं, २१ भदौ (रासस)/ छैटौं संस्करणको महिला साफ च्याम्पियनसी फुटबलपअन्तर्गत जारी भुटानविरुद्धको खेलमा नेपालले अग्रता लिएको छ । पहिलो हाफमा नेपाल १-० गोलको स्थितिमा छ ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा जारी उद्घाटन खेलमा नेपालका लागि सावित्रा भण्डारीले गोल गरेकी हुन् । उनले खेलको १२ औं मिनेटमा अमिषा कार्कीको पासमा गोल गरेकी हुन् । वर्षाका कारण खेल केही समय प्रभावित बनेको थियो ।

साफ च्याम्पियनसीपमा आयोजक नेपालसहित भारत, बङ्गलादेश, श्रीलङ्का, पाकिस्तान, माल्दिभ्स र भुटान सहभागी छन् । सहभागी सातवटै राष्ट्रलाई दुई समूहमा विभाजन गरिएको छ । समूह 'ए' मा भारत, पाकिस्तान, बङ्गलादेश र माल्दिभ्स तथा समूह 'बी' मा नेपालसहित श्रीलङ्का र भुटान छन् ।

# आज न्वागी पर्व मनाउँदै चेपाङ

साझाकुरा संवाददाता

हेटौंडा, २१ भदौ/ आज बुधबार मकवानपुरको विकट राक्सिराङ गाउँपालिकालगायत विभिन्न स्थानमा रहेका लोपोन्मुख चेपाङ समुदायले नयाँ वर्ष (न्वागी) मनाउँदै छन् ।

हरेक वर्ष मध्य भदौमा यो समुदायले पर्व मनाउने गर्दछ । उनीहरुले यस पर्वलाई छोनाम पनि भन्ने गर्दछन् । चेपाङ समुदायको नयाँ वर्ष (न्वागी) पर्वको अवसरमा बागमती प्रदेश सरकारले आज सार्वजनिक बिदासमेत दिएको छ ।

चेपाङहरुको यो सामुदायिक सांस्कृतिक पर्व हो । यस दिन पान्दे झाँक्री बोलाएर पूजा गरी कन्दमूल, फलफूल, तरकारी, घैया धान आदि खाने गरिन्छ । यसै दिन पितृहरुको सम्झनामा पूजा पनि गरिन्छ । यस दिन देवीदेवतासँग रोगव्याधी नलागोस् भनेर आशीर्वाद लिने पनि प्रचलन छ ।

घैया धानलाई टाउकोमा राखेर आशिस लिने गरिन्छ । सोही दिन पुराना भाकाका गीत, झ्याउरे गीत गाएर नाँचगान गरी रातभर रमाइलो गर्ने परम्परा छ । पछिल्लो समय धेरै चेपाङले धर्म परिवर्तन गरेसँगै विगतको जस्तो पर्व रमाइलो हुन छाडेको अगुवाहरुको गुनासो छ । चेपाङ समुदायले भूयार र न्वागी गरी दुई वटा पर्वलाई राष्ट्रिय पर्वको रुपमा मनाउँदै आएको छ ।

खेती लगाउने समयमा भूयार र खेती थन्काउने बेलामा न्वागी मनाउने गरिन्छ । फागुन र चैतमा रोपेका बाली साउन/भदौमा तयार भएपछि चढाउने गरिन्छ । प्रकृतिलाई पूजा गर्दै नयाँ खेती भित्र्याउने गरिन्छ ।

मुख्यरुपमा यतिबेला पिँडालु, निबुवा, घिरौंला, कागुनो, तामा, घैया धान भित्र्याएर भगवानलाई चढाई खान सुरु गरिन्छ । मकवानपुरको राक्सिराङ गाउँपालिकासहित विभिन्न स्थानमा बसोबास रहेको चेपाङ समुदायले आज यो पर्व हर्सोल्लासको साथ मनाउँदैछन् । वि.सं. २०६८ को गणनाअनुसार नेपालमा यो जातिको संख्या ६८ हजार तीन सय ९९ पुगेको छ ।

# अमलेखगञ्जमा दुई वटा पेट्रोल भण्डारण गृह बनाइने

वीरगञ्ज, २१ भदौ (रासस)/ नेपाल आयल निगमले पाइपलाइनमार्फत पेट्रोलसमेत नेपाल आयात गर्न बाराको अमलेखगञ्जस्थित निगमको प्रादेशिक कार्यालयमा पेट्रोल भण्डारण गर्न दुई वटा पेट्रोल भण्डारण गृह (टङ्की) निर्माणको काम अघि बढाएको छ ।

हाल निगमले भारतको विहारस्थित मोतिहारीदेखि नेपालको बारास्थित अमलेखगञ्जसम्म पाइपलाइन मार्फत डिजेल मात्र आयात गर्दै आएको थियो । निगमले अब भने उक्त पाइप लाइनबाटै पेट्रोलसमेत आयात गर्न निगमकोअमलेखगञ्जस्थित डिपो परिसरमा दुई वटा भण्डारण ट्यांकी निर्माणको काम अघि बढाएको हो । जसका लागि भारतीय आयल कर्पोरेसनले पेट्रोल भण्डारण गृह निर्माणका लागि आवश्यक ठेक्का प्रक्रिया पूरा गरिसकेकोले आगामी दसैंपछि भण्डारण गृह निर्माण काम सुरु हुने अमलेखगञ्ज स्थित निगमको प्रादेशिक कार्यालयका प्रमुख इञ्जिनीयर प्रदीप यादवले जानकारी दिए ।

हाल निगमले भारतको विहारस्थित मोतिहारीदेखि नेपालको बारास्थित अमलेखगञ्जसम्म करिब ६९ किमी लामो पाइपलाइनमार्फत डिजेल आयात गर्दै आएको छ । अब निर्माण हुने पेट्रोल भण्डारण गृह (ट्यांकी) मध्ये प्रतिट्यांकी चार हजार एक सय किलोलिटर क्षमताको हुनेछन् । नेपालतर्फको पाइपलाइनको अन्तिम बिन्दु अमलेखगञ्जमा पेट्रोल भण्डारण गृह निर्माण भएपछि पाइपलाइनमार्फत नेपालमा पेट्रोल आयात गर्न थप सहज हुनेछ । पेट्रोल संकलन गर्ने दुई वटा भण्डारण ट्यांकी निर्माणपश्चात् निगमलाई पेट्रोल आयातमा प्रतिलिटर करिब एक रुपैयाँ ५० पैसा ढुवानी खर्च सस्तो पर्ने आँकलन गरिएको आयल निगमका कार्यकारी निर्देशक उमेशप्रसाद थानीले जानकारी दिए । करिब तीन अर्ब २६ करोडको लागतमा निर्माण हुने दुई वटा पेट्रोल भण्डारण ट्यांकी निर्माणको कार्य आगामी सन् २०२४ को जनवरीसम्म सम्पन्न हुने लक्ष्य रहेको छ ।

हाल मोतिहारीदेखि अमलेखगञ्जसम्म करिब ६९ किलोमिटर लामो पाइपलाइनबाट प्रतिघण्टा दुई लाख ५० किलोलिटरका दरले डिजेल आयात भइरहेको बताइएको छ । तर पेट्रोलका लागि भारतबाट ट्यांकर मार्फत आयात भइरहेको छ ।

**पसल बिक्रीमा**

स्कुलरोडमा चालु अवस्थामा रहेको अति व्यस्त कपडा पसल विशेष कारणले बिक्रीमा ।

**फोन नं.: ९८४५४८७२३२**

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

**प्रोपाईटर: बिनोद शाही** ☎ ९८४५०२२५३१, ९८१७२२४३६२

**विक्की फ्रेस मिट शप**

हेटौंडा-२, चौकीटोल

**हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना